**आकाशवाणी समाचार- नेपाली**

मितिः १८ जनवरी २०२६

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधानमंत्री नरेन्द्र मोदीले आज पश्चिम बंगालको हुगली जिल्लाको सिंगूरमा 830 करोड़ रूपिया भन्दा अधिकको विभिन्न विकास परियोजनाहरु राष्ट्रलाई समर्पित गर्नुहुनेछ।

- प्रधानमंत्री नरेन्द्र मोदीले बोडो शांति समझौताले बोडो समुदायलाई अत्यधिक लाभ भएको छ अनि हजरौ युवा हथियार तथा हिंसा छोडेर मुख्यधारामा सामेल भएको बताउनुभएको छ।

- सरकारले आज प्रधानमन्त्री विश्वकर्मा हाट 2026 को आयोजना गर्नेछ।

- नागर विमानन मंत्री राममोहन नायडूले 28 जनवरीमा हैदराबादको बेगमपेट हवाई अड्डामा एशियाको सबैभन्दा ठूलो नागरिक उड्डयन कार्यक्रम **विंग्स इंडिया 2026 को** शुभारंभ गर्नुहुनेछ।

- मौसम विभागले आगामी दुई देखि तीन दिनसम्म दिल्ली, हरियाणा, चण्डीगढ, पञ्जाब र बिहारका केही भागहरूमा बाक्लो कुहिरो लाग्ने पूर्वानुमान गरेको छ।

**प्रधानमंत्री विकास परियोजनाहरु**

प्रधानमंत्री नरेन्द्र मोदीले आज हुगली जिल्लाको सिंगूरमा 830 करोड़ रूपिया भन्दा अधिकको विभिन्न विकास परियोजनाहरु राष्ट्रलाई समर्पित गर्नुहुनेछ। यसको साथै उहाले तीनवटा नया अमृत भारत एक्सप्रेस ट्रेनहरुलाई वर्चुअली हरियो झंडा देखाउनुहुनेछ,जसमा कोलकाता (हावड़ा)- आनंद विहार टर्मिनल अमृत भारत एक्सप्रेस, कोलकाता (सियालदह)- बनारस अमृत भारत एक्सप्रेस अनि कोलकाता (संतरागाछी)- ताम्बरम अमृत भारत एक्सप्रेस सामेल छन। यो जानकारी आधिकारिक विज्ञप्तिमा दिईएको छ। भारतीय जनता पार्टीले पनि एक्स हैंडलमा प्रधानमंत्री मोदीको कार्यक्रमको संक्षिप्त विवरण साझा गरेको छ।प्रधानमंत्री मोदीले बालागढ़मा विस्तारित बंदरगाह द्वार प्रणालीको आधारशिला राख्नुहुनेछ। यसमा अंतर्देशीय जल परिवहन (आईडब्ल्यूटी) टर्मिनल अनि एउटा ओवरब्रिज शामिल हुनेछ। लगभग 900 एकड़ क्षेत्रमा फैलिएको बालागढ़लाई एक आधुनिक कार्गो हैंडलिंग टर्मिनलको रूपमा विकसित गरिदै छ। यसको अनुमानित क्षमता लगभग 27 लाख टन प्रति वर्ष रहेको छ। यसले कोलकाता शहरमा सड़क सुरक्षा बड़नेछ। वाहनहरुको भीड़भाड़ अनि प्रदूषण कमती हुनेछ अनि मानिसहरुको जीवनस्तरमा सुधार आउनेछ। यस परियोजनाले प्रत्यक्ष अनि अप्रत्यक्ष रूपमा पर्याप्त रोजगार सृजित हुने आशा छ। प्रधानमंत्री मोदीले हिज वर्चुअली चार वटा नया अमृत भारत एक्सप्रेस ट्रेनहरुलाई हरियो झंडा देखाईसक्नु भएको छ।

**प्रधानमंत्री-असम**

प्रधानमंत्री नरेन्द्र मोदीले भन्नुभएको छ कि बोडो शांति समझौताले बोडो समुदायलाई अत्यधिक लाभ भएको छ अनि हजरौ युवा हथियार तथा हिंसा छोडेर मुख्यधारामा सामेल भएका छन। प्रधानमंत्री मोदी हिज गुवाहाटीको अर्जुन भोगेश्वर बरुआ खेल परिसरमा आयोजित पारंपरिक **बोडो सांस्कृतिक कार्यक्रम बागुरुम्बा दहोउ 2026** मा सामेल हुनुभयो। यस अवसरमा बोडो समुदायका 10 हजार भन्दा अधिक कलाकारहरुले बागुरुम्बा नृत्य प्रस्तुत गरे। प्रधानमंत्रीले केंद्र सरकारको 1 हजार 500 करोड़ रुपियाको पैकेजको सहायताले सम्पन्न शांति समझौता पछि बोडोलैंड प्रादेशिक क्षेत्रमा भएको अभूतपूर्व विकासको उल्लेख गर्नुभयो। श्री मोदीले भन्नुभयो कि भाजपाको नेतृत्वमा रहेको सरकारले राज्यको सबै संस्कृतिहरु अनि परंपराहरुको

सम्मान गर्दछ अनि राज्यको लागि गरिएको सबै बाचाहरु पूरा गरेको छ। प्रधानमंत्री असमको दुई दिने भ्रमणमा हुनुहुन्छ। आज उहाले एक विकास परियोजनाको आधारशिला रखनुहनेछ अनि दुई वटा रैलगाड़ीहरुलाई झंडा देखाएर प्रस्थान गराउनुहुनेछ। हाम्रो संवाददाताको यो रिपोर्ट -

Byte

**प्रधानमंत्री विश्वकर्मा हाट**

सरकारले आज प्रधानमन्त्री विश्वकर्मा हाट 2026 को आयोजना गर्नेछ। यो प्रदर्शनी, विशेष रूपमा कारीगर र शिल्पकारहरूलाई समर्पित छ।प्रदर्शनीको उद्घाटन केन्द्रीय सूक्ष्म, लघु तथा मध्यम उद्यम मन्त्री जीतन राम माझीले गर्नुहुनेछ। प्रधानमन्त्री विश्वकर्मा हाट 2026 को उद्देश्य परम्परागत शिल्पमा देशको समृद्ध सम्पदालाई प्रदर्शित गर्नु र यसको उत्सव मनाउनु हो।

**रक्षा सचिव - एनसीसी**

रक्षा सचिव राजेश कुमार सिंहले भन्नुभएको छ कि ऑपरेशन सिंदूरको अवधि नागरिक रक्षामा राष्ट्रीय कैडेट कोर-एनसीसी कैडेटहरु द्वारा प्रदर्शित गरिएको साहस अनि अनुशासन प्रशंसनीय अनि प्रेरणादायक छ। सचिवले नया दिल्लीमा राष्ट्रीय कैडेट कोर गणतंत्र दिवस शिविर 2026 लाई संबोधित गर्दै यसो भन्नुभएको हो। श्री सिंहले आपदा प्रतिक्रिया, पर्यावरण संरक्षण अनि राष्ट्र निर्माण सम्बन्धि प्रयासहरुमा सक्रिय योगदान गरेकोमा पनि एनसीसी कैडेटहरुको सराहना गर्नुभयो। उहाले एक पेड़ मां के नाम, पुनीत सागर अभियान अनि यमुना स्वच्छता अभियान जस्ता सरकारी पहलहरुका लागि एनसीसी कैडेटहरुको योगदानको प्रशंसा गर्नुभयो। रक्षा सचिवले कैडेटहरुलाई विकसित भारतको निर्माता बताउनु भयो। उहाले कैडेटहरुलाई राष्ट्रीय आदर्शहरु प्रति विनम्र, साहसी अनि वचनबद्ध रहनको लागि प्रेरित गर्नुभयो।

**विंग्स इंडिया 2026**

नागर विमानन मंत्री राममोहन नायडूले 28 जनवरीमा हैदराबादको बेगमपेट हवाई अड्डामा एशियाको सबैभन्दा ठूलो नागरिक उड्डयन कार्यक्रम **विंग्स इंडिया 2026 को** शुभारंभ गर्नुहुनेछ। चार दिनको यस वैश्विक विमानन कार्यक्रमको विषय रहेको छ - **भारतीय विमानन: भविष्यको मार्ग - डिजाइन देखि तैनाती सम्म , विनिर्माण देखि रखरखाव सम्म , समावेशिता देखि नवाचार सम्म अनि सुरक्षा देखि स्थिरता सम्म।** नागरिक विमानन मंत्रालयले भनेको छ कि यो कार्यक्रम भारतको तीब्रा गतिमा विस्तार भइरहेको विमानन क्षेत्र, वैश्विक उपस्थिति अनि विनिर्माण, सेवाहरु , नवाचार अनि सतत विमानन समाधानहरुको लागि एक प्रमुख केंद्रको रूपमा उदयमान भारतको दृष्टिकोणलाई उजागर गर्नेछ। मंत्रालयले भनेको छ कि यस अवधि छात्रहरु अनि युवा पेशेवरहरु बीच नवाचार, समस्या-समाधान अनि उद्योग-उन्मुख सोचलाई बढ़ावा दिनको लागि विशेष रूपले तैयार गरिएको नागरिक उड्डयन नवाचार चुनौतीको पनि आयोजन गरीनेछ। कार्यक्रममा अंतरराष्ट्रीय प्रदर्शनी, उड़ान अनि एरोबेटिक शो, अंतरराष्ट्रीय सम्मेलन, विमानन रोजगार मेला, पुरस्कार समारोह अनि सांस्कृतिक आयोजन पनि हुनेछ।

**छत्तीसगढ़-बीजापुर मुठभेड़**

छत्तीसगढको बिजापुर जिल्लामा सुरक्षा बलसितको भिडन्तमा मारिएका माओवादीहरूको संख्या बढ़ेर चार पुगेको छ।मृत्यु हुनेमा एक महिला माओवादी पनि सामेल छन। सुरक्षा बलले भिडन्त स्थलबाट एउटा एके-47 सहित दुई राइफल बरामद गरेको छ।बीजापुरका पुलिस अधीक्षक डा. जितेंद्र यादवले बताए अनुसार जिल्लाको उत्तर-पश्चिमी भागको वन र पहाड़ी क्षेत्रहरुमा माओवादीहरु रहेको गुप्त जानकारी पाएपछि जिल्ला रिजर्व गार्ड, कोबरा बटालियन र विशेष कार्य बलको संयुक्त टीमले खोजी अभियान शुरू गरेको थियो। सुरक्षा बलहरु र माओवादी बीच हिजो बिहान देखि नै रोकिन्दै गोलीबारी जारी थियो। हिजो अपरान्ह घटनास्थलबाट दुई माओवादीको शव बरामद गरिएको थियो। यसपछि थप दुई शव बरामद गरियो। यसका साथै भिड्न्तमा अहिले सम्म चार माओवादी मारिएका छन्।

**तेहरान-वाणिज्य दूतावास**

तेहरान स्थित भारतीय दूतावासले ईरानी अधिकारिहरुसंग गत साल दिसंबरमा जब्त गरिएको जहाज एमटी वैलिएंट रोरमा सवार 16 भारतीय चालक दलको सदस्यहरुलाई चाडो भन्दा चाडो वाणिज्य दूतावाससित संपर्क गराउने आग्रह गरेको छ। दूतावासले एक बयानमा भनेको छ कि बंदर अब्बास स्थित भारतीय वाणिज्य दूतावासले चालक दलसित संपर्क गराउनको निम्ति तत्काल ईरान सरकारलाई पत्र लेखेको छ।इरानी अधिकारीहरूलाई चालक दललाई भारतमा रहेका आफ्ना परिवारसँग सम्पर्क गर्न अनुमति दिन पनि अनुरोध गरिएको छ। दुबईस्थित भारतीय वाणिज्य दूतावासले जहाजको मालिक कम्पनीलाई कानुनी अडान लिन र जहाजमा रसदको नियमित आपूर्ति सुनिश्चित गर्न दबाब दिइरहेको दूतावासले जनाएको छ।

**डब्ल्यूपीएल क्रिकेट परिणाम**

**महिला प्रीमियर लीग-डब्ल्यूपीएल** क्रिकेममा यूपी वॉरियर्सले मुंबई इंडियंसलाई 22 रनले पराजित गरेको छ। नवी मुंबई को डॉ. डी. वाई. पाटिल स्पोर्ट्स अकादमीमा खेलिएको मेचमा 188 रनको लक्ष्यलाई पच्याउदै मुंबई इंडियंसको टीमले 20 ओवरभित्र 6 विकेट को नोक्शानमा केवल 165 रन मात्र बनाउन सक्यो।

**मौसम**

मौसम विभागले आज उत्तर प्रदेशमा बाक्लो कुहिरोको अरेंज अलर्ट जारी गरेको थियो। विभागले आगामी दुई देखि तीन दिनसम्म दिल्ली, हरियाणा, चण्डीगढ, पञ्जाब र बिहारका केही भागहरूमा बाक्लो कुहिरो लाग्ने पूर्वानुमान पनि गरेको छ।जम्मू-कश्मीर, लद्दाख, उत्तराखंड, पश्चिम बंगाल र सिक्किममा पनि आज यस्तै स्थिति रहने संभावना छ। मौसम विभाग अनुसार आज पूर्वी मध्य प्रदेश, छत्तीसगढ़ र ओडिशामा शीतलहर रहने संभावना छ।